नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० | अंक १ | २०७७ साल साउन १ गते बिहीबार (16 July 2020 Thursday) | मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- विवाह गर्नको लागि पुरुष र महिलाको उमेर बीस वर्ष पूरा भएको हुनु पर्ने,
- दर्ता विवाह (Court Marriage) जिल्ला अदालतबाट हुने,
- एकासगोलका पति पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरुप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने,
- छोरा छोरीले आमा बाबुको आज्ञा, आदेशको पालना गर्नु पर्ने,
- छोरा छोरी उपरको कर्तव्य र जिम्मेवारी आमा बाबुको बराबरी हुने,
- अंशवण्डा गर्दा गर्भको शिशुलाई समेत अंश छुट्याउनु पर्ने,
- स्याहार गर्नेले अपुताली पाउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : एक किलो सलह ... ३ पृष्ठमा : सञ्चालनमा आउन थाले ... ३ पृष्ठमा : मोडर्नाको कोविड-१९ को ...

# तीन दिनपछि खोला किनारमा रामको मृत शरीर फेला

# दलित सरोकार मञ्चद्वारा घटनाको भर्त्सना

**दैनिक समाचारदाता**
**राजविराज, ३१ असार ।**

सप्तरीको शम्भुनाथ नगरपालिका ३ कचन्दाहा बस्ने एक युवकको मुतनी खोला किनारमा मंगलबार शव फेला परेको छ ।

छिमेकी गाउँमा डाकिएको पंचायतीमा जाँदै छु भनी तीन दिनअघि घरबाट निस्केका ४२ वर्षिय भुवना भन्ने त्रिभुवन राम सोही वडास्थित मुतनी खोला किनारमा मंगलबार साँझ मृत अवस्थामा भेटिएका हुन् ।

प्रहरीले भने मृतकको शव मंगलबारै राती पोष्टमार्टमका लागि सदरमुकाम राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल पुऱ्याइसकिएको र पोष्टमार्टम रिपोर्ट पश्चात् मात्र यथार्त सार्वजनिक गर्ने बताएको छ ।

जिउँमा चोटपटकको डाम रहेको कारण उनलाई कसैले कुटपिट गरि हत्या गरेको हुन सक्ने प्रहरीले आंशका गरेको छ । राम छिमेकी गाउँ रुपनीमा पंचायतीका लागि आइतबार बिहान १० बजेतिर घरबाट निस्केका थिए । उक्त दिन अबेर रातीसम्म उनी घर नफर्किएपछि परिवारजनले खोजीका लागि सोमबार प्रहरीमा निवेदन समेत दिएका थिए ।

यता खोजीकार्य जारि रहेकै बेला मंगलबार साँझ उनको शव मुतनी खोला किनारमा भेटिएको कुरा गाउँलेहरुले खबर गरेपछि पुगेको प्रहरीले आवश्यक प्रक्रिया पुरा गरि शव पोष्टमार्टमका लागि अस्पताल पुऱ्याएको प्रहरी निरिक्षक सन्तोष खड्काले जानकारी दिए ।

घटना बारे बुझ्न बुधबार ६ जनालाई नियन्त्रणमा लिई सोधपुछ तथा थप अनुसन्धान भइरहेको उनले जानकारी दिएका छन् ।

यसैबीच दलित सरोकार मञ्चले सो घटनाको दोषीलाई कारवाही गर्न माँग गरेको छ ।

बुधबार मञ्चका अध्यक्ष युक्तिलाल मरिकले एक विज्ञप्ति जारी गरेर घटनाको घोर भर्त्सना गर्दै संलग्न भएकाहरुलाई कानुनी दायरामा ल्याई हदैसम्मको कारवाहीको माग गरेका छन् ।

जारि विज्ञप्तिमा 'नियमअनुसार आफूले पाउनु पर्ने मोहयानी हकका लागि कानुनी लडाई लडेपछि प्राप्त जग्गा भोगको लागि जग्गाधनीसँग बिबाद रहेको थियो । गत २९ गते साँझ घरबाट निस्केपछि नफर्किएकाले परिवारले असार ३० गते प्रहरीमा खोजतलासका लागि निवेदन दिएका थिए । एकान्त धानखेत नजिक नदीमा भेटिएको शवको निधारमा चोट समेत देखिएको प्रहरीले जनाई सकेको छ ।' उल्लेख छ ।

विज्ञप्तिमा भनिएको छ, "गएको महिना धनुषको सबैलाका शम्भु सदाको प्रहरी हिरासतमै भएको हत्या,रुपेन्देहीको अंगिरा पासीको हत्या, धनुषाका हंसपुर नगरपालिकाका राजु सदाको क्वारेन्टाइनमा उपचार नपाएर भएको मृत्यु र अन्तर जातीय प्रेम सम्बन्धका कारण रुकुम पश्चिममा भएको नरसंहारको विरुद्ध दाङका दलितहरु पनि आन्दोलित रहेकै बेला पुन : सप्तरीका त्रिभुवन रामको हत्याले दलित समुदायलाई थप आक्रोशित बनाएको छ ।"

साथै विज्ञप्तिमा अहिलेको प्रतिकुल अवस्थामा दलित समुदाय माथि भइरहेको श्रृखंलाबद्ध हत्या, बलात्कार र उठीवास लगायतका क्रुर र अमानवीय घटनाको सत्यतथ्य छानविन गर्न सरकारलाई जोडदार रुपमा माँग गरेको छ ।

# मेयरका छोरा कमिशनको रकमसहित पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, ३१ असार ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिवासको टोलीले बुधबार सिरहाको कल्याणपुर नगरपालिकाका मेयरका छोरालाई कमिशन वापतको ५ लाख रकम लिँदै गर्दा पक्राउ गरेको छ ।

कल्याणपुर नगरपालिकाका मेयर सूर्यनाथ मण्डलका छोरा सन्त मण्डलसहित दुई जनालाई कमिसन वापतको ५ लाख रुपैयाँ

*बाँकी अन्तिम पृष्ठमा*




# सप्तरीमा २ सय ११ जना कोरोनाबाट निको भई घर फर्किए, संक्रमितको संख्या ३ सय ४४

**दैनिक समाचारदाता**
**राजविराज, ३१ असार ।**

सप्तरीमा १३ जनामा कोरोना संक्रमणको पुष्टि भएसँगै जिल्लामा हाल संक्रमितको संख्या ३ सय ४४ पुगेको छ । यता संक्रमितको संख्यामा बृद्धि भएपनि कोरोनाबाट निको हुने संख्यामा समेत बृद्धि भएको छ ।

मंगलबार जिल्लाको शम्भुनाथ नगरपालिकास्थित क्वारेन्टाइनका ५, अग्निसाइर कृष्णसवरण र रुपनी गाउँपालिकाका ४/४ जनामा कोराना पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

यता कोरोनाबाट जिल्लामा बुधबारसम्म २ सय ११ जना निको भइ घर फर्किसकेको गजेन्द्र नारायण सिंह अस्पतालका प्रमुख डा. रन्जित झाले जानकारी दिएका छन् । उनका अनुसार १ सय ३३ जना हाल राजविराजस्थित साईकष्ण आइसोलेशन कक्षमा उपचारार्थ छन् ।

यस्तै कोरोना आसंकितहरुलाई राख्न जिल्लामा निर्माण गरिएको ८६ वटा क्वारेन्टाइन केन्द्र मध्ये हाल ३३ वटा क्वारेन्टाइनमा ४ सय ५८ व्यक्ति रहेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवले बताए । उनका अनुसार क्वारेन्टाइनमा रहेका ४ सय ५८ मध्ये १ सय २९ जनाको स्वाब संकलन गरिसकेर पिसिआर प्रयोगशालामा पठाइसकिएको छ । क्वारेन्टाइमा बाँकी रहेकाहरुको पिसिआर परिक्षणको समयावधी नपुगेको उनको भनाई छ ।

यसैगरि जिल्लाको १८ वटै स्थानिय तहमा कोरोना संक्रमितहरु पाइएको छ । जसमध्ये जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिकास्थित क्वारेन्टाइनमा सबैभन्दा बढी ५४ जनामा कोरोना संक्रमणको पुष्टि भएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

यसैगरि तिलाठी कोइलाडी र बलान बिहुल गाउँपालिकामा ४४/४४, बोदेबसाईन नगरपालिकामा ३८, छिन्नमस्ता गाउँपालिकमा २७, डाक्नेश्वरी नगरपालिकामा २५, राजगढ गाउँपालिकामा २२, राजविराजमा १६, महदेवा गाउँपालिकामा १५, सुरुङ्गा नगरपालिकामा १३, अग्निासाइर कृष्णासवरण गाउँपालिकामा ८, खडक र शम्भुनाथ नगरपालिकामा ७/७, सप्तकोशी नगरपालिका र तिरहुत गाउँपालिकामा ६/६, रुपनी र विष्णुपुर गाउँपालिकामा ५/५ तथा कंचनरुप नगरपालिकामा २ जनामा हालसम्म संक्रमणको पुष्टि भएको छ ।

**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।** हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय ....

# ३० औं बसन्तमा

आजदेखी *राजविराज दैनिक* २९ औं बसन्त पार गरि ३० औं बसन्तमा प्रवेश गरेको छ । २९ वर्षदेखी सप्तरी जिल्लाबाट प्रकाशित भइरहेको यस दैनिकले विगतका निकै अफठ्यारा दिनहरुको सामाना गर्दै आफ्नो स्वच्छ छविलाई निरन्तरता दिँदै आएको छ । देश विदेशमा रहेका आफ्ना पाठकहरुलाई ध्यानमा राखी विगत ७ वर्षदेखी पत्रिकाले वेवसाइट मार्फत सम्पूर्ण अभिलेख राख्ने व्यवस्था मिलाएको छ ।

प्रेस काउन्सील नेपालको पत्रपत्रिका वर्गिकरणमा यो पत्रिका लगातार तीन वर्षदेखी “क” वर्गमा पर्न सफल समेत भएको छ । यस कार्यमा सहयोग गर्ने सम्पूर्ण पाठक, बिज्ञापनदाता, शुभेच्छुकककाे माया, ममतालाई बिर्सिन सकिन्न् । एक्लैको प्रयासले कुनै पनि काम सफल हुन सक्दैन् र त्यसले निरन्तरता समेत पाउन सकिदैन् । हामीलाई सबैले सहयोग गरेकै कारण यत्रो लामो समयसम्मको यात्रालाई कायम राख्दै अझ् निरन्तरताको क्रममा छौं ।

यस पत्रिकाले अहिलेको संचारमाध्यमहरुको प्रतिस्पर्धात्मक यूगमा जिल्लामा आफ्नो छुट्टै पहिचान स्थापित गर्न सफल भएको छ । वर्तमान समयमा सप्तरीमा यस पत्रिका पाठक वर्गहरुको प्रिय पत्रिकाको स्थान ओगटन सफल भएको छ । हामीलाई विश्वास छ, यहाँहरु सबैको सहयोग र सद्भाव यसरी नै पाइरहनेछौं । यसका लागि यहाँहरुको आफ्नो सरसल्लाह, सुझाब र प्रतिकृया दिनु नै हुनेछ भन्ने विश्वास पनि व्यक्त गर्दछौं ।

# एक किलो सलह ल्याउनेलाई रु ५००

काठमाडौँ, ३१ असार (रासस) ।

सलहलाई विषादीको प्रयोग नगरी नियन्त्रण गर्ने विभिन्न उपायअन्तर्गत एक किलो सलह ल्याउनेलाई रु ५०० दिने प्रस्ताव गरिएको छ । यसअघि विभिन्न क्षेत्रका स्थानीय तहले एक किलो सलह ल्याउनेलाई रु २०, ५० र १०० प्रतिकिलो दिने घोषणा गरिए पनि त्यसलाई नियन्त्रणमा लिन सर्वसाधारणमा उत्साह नदेखिएपछि पैसा बढाएर रु ५०० दिने प्रस्ताव गरिएको हो ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत रहेको प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्रले मन्त्रालयमा उक्त प्रस्ताव पेश गरेको छ । नेपालमा सलहको अध्ययन गरी आवश्यक तयारी कार्य गर्न कृषि मन्त्रालयले विज्ञ सहितको प्राविधिक कार्यदल गठन गरेको थियो । सोही कार्यदलको सोमबारको बैठकको निर्णयानुसार मन्त्रालयमा उक्त प्रस्ताव लगिएको कार्यदलका संयोजक तथा उक्त केन्द्रका प्रमुख सहदेवप्रसाद हुमागाईंले बताउनुभयो ।

भारतमा सलहको झुण्ड प्रवेश गरेलगत्तै नेपालमा छिर्नसक्ने सम्भावनालाई दृष्टिगत गरी सो कार्यदल गत जेठ १३ गते गठन गरिएको थियो । हावाको दिशा र गतिमा आएको परिवर्तनले नेपालमा सलहको एउटा झुण्ड असार १३ गते भित्रिएको थियो ।

कार्यदलले अहिले पनि नियमित रूपमा सलहको अध्ययन गरी क्षति कम गर्न आवश्यक सुझाव दिँदै आएको छ । “यसपटकको बैठकले भने सर्वसाधारण पनि सलह नियन्त्रणमा परिचालन हुन सकोस् भनेर एक किलो ल्याउनेलाई रु ५०० को प्रस्ताव हामीले मन्त्रालयमा पेश गरेका छौँ, संयोजक हुमागाईंले रासससँग भन्नुभयो, “रु २० वा रु ५० दिएर उनीहरूमा उत्साह नै देखिएन, त्यसैले रकम बढाएर नयाँ प्रस्ताव गरेका हौँ ।”

केन्द्रले सलहबाट हुने क्षति कम गर्न सबै निकाय तथा प्रदेश, स्थानीय तहमा पर्याप्त संवाद र सहकार्यको काम भइरहेको जनाएको छ । सलह कीराको सङ्ख्या, अवस्था, फैलावट, क्षतिको आङ्कलन गर्दा नेपालमा सानो झुण्ड आएको छ । क्षति पनि धेरै गर्न पाएको छैन । अहिले सक्रिय भएका सलहलाई नियन्त्रण गर्न यो प्रस्ताव लगिएको प्राविधिक कार्यदलका सदस्य किटविज्ञ समुन्द्रलाल जोशी बताउनुहुन्छ ।

**विषादी प्रयोग हानिकारक**

प्राविधिक कार्यदले विषादी प्रयोगलाई निरुत्साहित गर्दै आएको छ । विभिन्न देशमा विषादी प्रयोग गरिएका छन् तर ती देशको मरुभूमिमा मात्रै बढी प्रयोग भएको छ । मानव बस्ती क्षेत्रमा विषादी प्रयोग गर्दा ठूलो क्षति हुने भएकाले पनि विषादी प्राथमिकतामा छैन । “विषादीले अहिले सलहले गरेकोभन्दा धेरै क्षति गर्न सक्छ, मानवीय र प्राकृतिक वातावरणमै असर गर्ने भएकाले विषादी प्रयोगलाई निरुत्साहित गरेका छौँ”, हुमागाईंले थप्नुभयो ।

अहिले सलह पश्चिम उत्तरतिर लागेकाले पनि विस्तारै हट्दै जाने अनुमान गरिएको छ । भएकालाई घरेलु उपाय अपनाएर समाउने, स्थानीय स्रोत साधन प्रयोग गरेर हटाउने गर्दा नै राम्रो हुन्छ भन्ने निष्कर्ष प्राविधिक समूहको छ । त्यसैले विभिन्न आवाज निकालेर, होहल्ला गरेर, धपाएर नै लखेट्नुको विकल्प नभएको किटविज्ञ जोशी बताउनुहुन्छ । समायो भने कुखुराको दानामा प्रयोग गर्न सकिने वा कसैले खान पनि सक्नेछन् ।

केन्द्रमाथि एक्सनमा गएन कि भन्ने गुनासो पनि आएको बताउँदै केन्द्रका प्रमुख हुमागाईंले अहिले नै रासायनिक विषादी हालेर मार्नुपर्छ भन्ने निष्कर्षमा भने नरहेको बताउनुभयो । उहाँले नियन्त्रण नै गर्न नसक्ने गरी करोडौँ करोड आयो भने त्यो बेला आवश्यक निर्णय हुने समेत बताउनुभयो । आवश्यक तयारीमा भने बस्नुपर्ने उहाँ बताउनुहुन्छ । त्यसको नियन्त्रणका लागि प्रयोग गर्ने यन्त्र उपकरण पनि तयारी राख्नुपर्छ भनेर त्यसतर्फ पनि मन्त्रालयमा प्रस्ताव पेश गरिएको उहाँले बताउनुभयो ।

विज्ञका अनुसार सलहको आयु झण्डै तीन महिनाको मात्रै हो । झुण्ड आउने क्रम भने रोकिएको छैन । पटकपटक विभिन्न जिल्लाबाट सलहका झुण्ड प्रवेश गरिरहेको छ । मुलुकका ५४ जिल्लामा प्रवेश गरेको सलह भने विखण्डित हुँदै केही मर्ने, केही शिथिल हुने र केही सक्रिय हुँदै आएको छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# ‘प्रधानमन्त्रीको अभिव्यक्ति कसैको संवेदना र भावनामा ठेस पुऱ्याउन लक्षित छैन’

काठमाडौँ, ३१ असार (रासस) ।

सरकारले प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा २०७औँ भानु जयन्तीका अवसरमा दिनुभएको अभिव्यक्तिप्रति विविध व्याख्या र प्रस्तुतीकरण भएकामा गम्भीर ध्यानाकर्षण भएको बताउँदै कसैको भावना र संवेदनामा ठेस पुऱ्याउने नियत नरहेको स्पष्ट गरेको छ ।

परराष्ट्र मन्त्रालयले मंगलबार एक विज्ञप्ति जारी गरी नेपाली भाषामा रामायणका लेखक आदिकवि भानुभक्त आचार्यको जन्मजयन्तीका अवसरमा सोमबार प्रधानमन्त्रीले दिनुभएको अभिव्यक्ति कुनै पनि राजनीतिक विषयसँग सम्बन्धित नरहेको र कुनै पनि व्यक्तिको संवेदना र भावनामा ठेस पुऱ्याउने नियत नरहेको जनाएको छ ।

श्रीराम र उहाँसँग सम्बन्धित धेरै स्थानका बारेमा बहुधा कल्पित कथा र प्रसङ्ग रहेको र सोही सन्दर्भमा प्रधानमन्त्रीले रामायण र श्रीरामसम्बन्धी विशाल सांस्कृतिक भूगोलका साथै राम र रामायणसँग सम्बन्धित उन्नत सभ्यताको थप अध्ययन-अनुसन्धान गर्नुपर्ने महत्व दर्शाउने क्रममा टिप्पणी गर्नुभएको मन्त्रालयले जनाएको छ । “अयोध्याको महत्ता र त्यसको सांस्कृतिक मान्यता अवमूल्यन गर्नेतर्फ प्रधानमन्त्रीज्यूको अभिव्यक्ति लक्षित थिएन”, विज्ञप्तिमा भनिएको छ ।

परम्परागत रूपमा विवाह पञ्चमी महोत्सवको आयोजना हुने गरेको र भारतको अयोध्याबाट नेपालको जनकपुरमा हरेक वर्ष जन्ती आउने गरेको उल्लेख गर्दै विज्ञप्तिमा दुई वर्षअघि नेपाल र भारतका प्रधानमन्त्रीले जनकपुर-अयोध्या यात्रु बस सेवा प्रारम्भ गर्नुभएको स्मरण गरेको छ । ‘यी वास्तविकताले लामो समय देखिको नेपाल र भारतका साथै दुवै देशका जनताको सम्बन्धलाई पुष्टि गर्दछ’, परराष्ट्र मन्त्रालयले भन्नुभएको छ ।

# ‘प्रधानमन्त्रीको स्वीस बैंकमा खाताबारे समाचार भ्रामक’

काठमाडौँ, ३१ असार (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीको नाममा स्वीस बैंकमा रकम नरहेको उहाँको सचिवालयले स्पष्ट गरेको छ । प्रधानमन्त्रीका प्रेस सल्लाहकार सूर्य थापाले बुधबार विज्ञप्ति जारी गरी ग्लोबल वाच एनालाइसिसलाई उद्धृत गर्दै केही नेपाली अनलाइनले गैरजिम्मेवारीपूर्ण र बदनियतका साथ अत्यन्त भ्रामक, गलत र चरित्रहत्या गर्न झुटो समाचार सम्प्रेषण गरेको जनाउनुभएको हो ।

तथ्यहीन सामग्रीलाई आधार मानेर समाचार बनाई नेपाली जनतामा भ्रम छर्न र प्रधानमन्त्रीलाई बदनाम गर्न उद्यत यस्ता कतिपय सञ्चारमाध्यमको रवैया खेदजनक रहेको विज्ञप्तिमा उल्लेख छ । “राष्ट्रिय हितको रक्षा, सीमा अतिक्रमणविरुद्ध नयाँ नक्सा प्रकाशनको साहसिक कदम र सर्वसम्मतिद्वारा संविधान संशोधनजस्तो महत्वपूर्ण निर्णयमा सिङ्गो राष्ट्रलाई एकताबद्ध गर्दै प्रधानमन्त्रीले राष्ट्रको नेतृत्व सम्हालिरहनुभएको निकै संवेदनशील बेलामा बदनाम गराउन यस किसिमले सुनियोजित षड्यन्त्र गर्ने अनेकन तत्वहरू सक्रिय रहेको प्रष्ट नै छ”, विज्ञप्तिमा भनिएको छ ।

विज्ञप्तिमा आम नेपालीलाई त्यस्ता कुनै पनि दुष्प्रचारको भ्रममा नपर्न आह्वान गर्दै सम्बन्धित निकायले पत्रकारिताको न्यूनतम जवाफदेहिता, जिम्मेवारीबोध र सामाजिक मर्यादा एवं शिष्टाचारविपरीत कार्यमा संलग्न व्यक्ति र संस्थामाथि कडा कारवाहीको पनि माग गरिएको छ ।

# प्राध्यापक सङ्घद्वारा महँगी भत्ता माग

काठमाडौँ, ३१ असार (रासस) ।

नेपाल प्राध्यापक सङ्घले मूल्यवृद्धिको अनुपातमा प्राध्यापक तथा कर्मचारीलाई तत्काल महँगी भत्ताको व्यवस्था गर्न माग गरेको छ ।

सङ्घले मंगलबार त्रिविका उपकुलपति डा धर्मकान्त बाँस्कोटामार्फत् प्रधानमन्त्री केपी शर्मा ओलीलाई मंगलबार पठाइएको २० बुँदे ज्ञापनपत्रमा प्राध्यापकहरूको नयाँ मर्यादाक्रम कार्यान्वयनमा आउनुपर्ने, अवकाशको उमेर हद ६५ बनाइनुपर्ने, प्राध्यापकहरूको सेवा सुविधा सार्कस्तरीय हुनुपर्ने, स्वास्थ्योपचार सुविधालाई सेवानिवृत्त भएपछि पनि यथावत् कायम राखिनुपर्नेलगायत छन् ।

यसैगरी विश्वविद्यालयहरू अनुसन्धानमुखी हुनुपर्ने, सेवा आयोगका परीक्षा स्वतन्त्र हुनुपर्ने, शिक्षा र स्वास्थ्यमा निजीकरण गर्न नहुने, विश्वविद्यालयहरूमा निश्चित आधारमा नियुक्ति हुनुपर्ने, विश्वविद्यालयहरूमा पाठ्यक्रमको स्तरोन्नति, वैज्ञानिक सिकाइ, भौतिक पूर्वाधारको व्यवस्था गर्दै पठनपाठनमा नियमितता ल्याई गुणस्तरीय शिक्षा उत्पादन गर्न/गराउन आवश्यक वातावरण मिलाउँदै राष्ट्रवादी र समाजवादी शिक्षा प्रणाली अगाडि बढाई विद्यार्थीहरू स्वदेशमै बसेर अध्ययन गर्ने वातावरणको निर्माण गर्न पनि ध्यानाकर्षण गराइएको छ ।

सङ्घका अध्यक्ष प्रा डा बुद्धबहादुर थापा क्षेत्री र महासचिव नरेन्द्रप्रसाद शिवाकोटीद्वारा

*बाँकी अन्तिम पृष्ठमा*

# सञ्चालनमा आउन थाले केही बस

काठमाडौँ, ३१ असार (रासस)।

साढे तीन महिनादेखि ठप्प सार्वजनिक सवारीसाधन खुल्न थालेका छन्। मयूर, संयुक्त यातायात, सुन्दर यातायातलगायले सेवा शुरु गरिसकेका छन् भने कतिपय खुलाउनका लागि आवश्यक तयारी गरिरहेका छन्।

एक साता पहिले बसेको मन्त्रिपरिषद्को बैठकले सार्वजनिक सवारीसाधन सञ्चालन गर्ने निर्णय गरेको एक सातापछि सार्वजनिक सवारीसाधन खुल्न लागेका हुन। नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले भने सार्वजनिक सवारीसाधन सञ्चालन गर्नु पहिले आवश्यक स्वास्थ्य सुरक्षाको तयारी नभएकाले टचाक्सी र केही बस बाहेक अधिकांश सवारीसाधन सञ्चालन नभएको जनाएको छ। अहिले त्यस विषयमा सरकारसँग छलफल भइरहेको महासङ्घका महासचिव सरोज सिटौलाले बताउनुभयो। उहाँले भन्नुभयो, "छलफल सकारात्मक दिशामा छ, हामी सबै सवारीसाधन चलाउनुपर्छ भन्नेमा छौँ।"

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र यातायात व्यवस्था विभागले पनि सार्वजनिक यातायात सञ्चालनका लागि व्यवसायी महासङ्घ र मजदूर सङ्गठनसँगको छलफल अघि बढाइरहेको छ। सोमबार विभागका महानिर्देशक गोगनबहादुर हमालले व्यवसायी महासङ्घसँगै मजदूर सङ्गठनसँग छलफल गर्नुभएको थियो। बुधबार पनि विभागमा व्यवसायी, मजदूर सङ्गठनसँगै स्वास्थ्य तथा जनस्ख्या मन्त्रालय र स्थानीय सरकारका प्रतिनिधि संलग्न भएर छलफल हुँदैछ।

अहिले महासङ्घले चालक, सहचालकसँगै यात्रुको स्वास्थ्य सुरक्षाका विषयमासमेत आवाज उठाएको महासङ्घका महासचिव सिटौलाले बताउनुभयो। काठमाडौँ उपत्यकालगायत देशभरका विभिन्न स्थानमा कोभिड-१९ को सङ्क्रमण बढिरहेकाले त्यसबाट सुरक्षित रहेर कसरी सार्वजनिक सवारीसाधन सञ्चालन गर्ने भनी छलफल भइरहेको उहाँले बताउनुभयो। अहिले केही बस, टचाक्सी गुड्न थाले पनि आवश्यक स्वास्थ्य सावधानी अपनाएको पाइँदैन। सरकारले बनाएको मापदण्डानुसार पनि कसले सेनेटाइजरको व्यवस्था गर्ने र हात धुनका लागि साबुन पानी कसले व्यवस्था गर्ने भनी अहिलेसम्म यकिन छैन।

लामो समयसम्म थन्किएका सवारीसाधनको मर्मत बाँकी भएको, मर्मतकै लागि कतिपय वर्कसपका मिस्त्री बाहिर रहेको र अहिले पनि धेरै चालक, सहचालक सम्बन्धित स्थानमा नरहेकाले तत्काल सञ्चालन गर्ने अवस्था नभएको बताइएको छ। पहिले जसरी जुनसुकै स्थानमा सवारीसाधन नरोकिने गरी छलफल भइरहेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "साबुन पानीको व्यवस्था भएका ठाउँमा मात्रै रोकिन्छ, यात्रु पहिलेभन्दा केही दूरीसम्म हिँड्नुपर्ने हुनसक्छ।"

यातायात व्यवस्था विभागका महानिर्देशक हमालले सरकारले पनि बुधबार निर्णय गरेर बिहीबारदेखि नै सबै सवारीसाधन चल्छन् भन्ने नसोचेको बताउनुभयो। लामो समय थन्किएका सवारीसाधन मर्मत गरेर सडकसम्म ल्याउन समय लागेको उहाँको भनाइ छ। त्यससँगै यात्रु र चालकलाई कसरी सुरक्षित बनाएर सञ्चालन गर्ने भनि विभागमा छलफल भइरहेको छ। सवारीसाधन एकै पटक ठूलो सङ्ख्यामा सडकमा आए पनि यात्रु कम हुने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "अहिले हामीले व्यवसायीलाई पनि सञ्चालन गर्नैपर्छ भन्ने अवस्था छैन।"

सवारीसाधन सञ्चालनका लागि धेरै कर्मचारी घर गएकाले मजदूर व्यवसायी सङ्गठनले तीनलाई फर्काउन विभागले समन्वय गर्नुपर्ने माग गरेका छन्। गृह मन्त्रालयसँग समन्वयमा उनीहरूलाई फर्काइने महानिर्देशक हमालले बताउनुभयो। सार्वजनिक सवारीसाधन सङ्क्रमण फैलाउन सक्ने हुनाले त्यसमा सचेत हुनुपर्ने उहाँको भनाइ छ।

सवारीसाधन सञ्चालनका लागि यात्रु पनि धेरै सडकमा आइसकेका छैनन्। गत साता टचाक्सी सञ्चालन गर्न पाउनुपर्ने माग गर्दै चालक सडकमा आएका थिए। अहिले उनीहरू नै जोर बिजोरमा सञ्चालन गर्न माग गरिरहेका छन्। अहिले जिल्लाभित्र सञ्चालन गर्ने भनिए पनि सङ्क्रमण कम भएमा प्रदेशभित्र विस्तार गर्न सकिन्छ।

# कोरोनाका गम्भीर बिरामीलाई सङ्क्रमणमुक्त भएका व्यक्तिको 'प्लाज्मा' दिने तयारी

काठमाडौँ, ३१ असार (रासस)।

सरकारले कोरोना सङ्क्रमणबाट गम्भीर अवस्थामा पुगेका बिरामीलाई सङ्क्रमण मुक्त भएका व्यक्तिको 'कन्भालेसेन्ट प्लाज्मा' दिएर उपचार गर्ने तयारी गरेको छ। यसका लागि नेपाल सरकार मातहतको स्वास्थ्य अनुसन्धान परिषद्ले कोरोना निको भएका व्यक्तिलाई प्लाज्मा दानका लागि सम्पर्क गर्न अनुरोध गरेको छ।

परिषद्का प्रमुख अनुसन्धान अधिकृत डा मेघनाथ धिमालले कोरोना निको भएर डिस्चार्ज भएका व्यक्तिको शरीरमा बनेको 'एन्टीबडी' झिकेर कोरोनाका गम्भीर बिरामीलाई दिने तयारी गरिएको जानकारी दिनुभयो। "कोरोनाबाट अन्तिम अवस्थामा पुगेका बिरामीलाई निको भएका बिरामीबाट 'कान्भालेसेन्ट प्लाज्मा' झिकेर दिँदा गम्भीर बिरामीलाई बचाउन सकिने अन्तर्राष्ट्रिय अध्ययन अनुसन्धानबाट पुष्टि भएको छ", उहाँले राससससँग भन्नुभयो, "त्यहीअनुसार नेपालमा पनि हामीले गम्भीर प्रकारका बिरामीलाई बचाउन सकिन्छ कि भनेर सरकारसँग स्वीकृति लिएर आह्वान गरेका हौँ।"

कोरोना मुक्त भएर डिस्चार्ज भएका इच्छुक व्यक्तिलाई प्लाज्मा दानका लागि आह्वान गरिएको उहाँले जानकारी दिनुभयो। रक्तदान गरे जसरी नै प्लाज्मा दान गर्न सकिने उहाँको भनाइ छ। त्यसका कोरोनाका गम्भीर प्रकृतिका बिरामी उपचाररत अस्पतालसँग समन्वय गरिसकेको प्रमुख अनुसन्धान अधिकृत धिमालले बताउनुभयो।

मुलुकभरका करीब १५/१६ वटा सुविधा सम्पन्न (कोभिड डेडिकेटेड) अस्पतालसँग मिलेर त्यस्ता बिरामीको उपचार गर्ने तयारी थालिएको उहाँको भनाइ छ। "सामान्य तथा लक्षण नदेखिएका बिरामीलाई होइन", उहाँले भन्नुभयो, "जो अति गम्भीर अवस्थामा आइसियू र भेन्टिलेटरमा उपचाररत हुनुहुन्छ, उहाँहरूलाई प्लाज्मा दिएर उपचार गर्न लागिएको हो।"

कोरोना भाइरसलाई जितेर टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालबाट गत वैशाखमा डिस्चार्ज हुनुभएकी प्रसिद्धि श्रेष्ठले गम्भीर अवस्थामा पुगेको कोरोना सङ्क्रमितको उपचारका लागि आफू प्लाज्मा दिन तयार रहेको बताउनुभएको थियो। अमेरिकालगायत विभिन्न मुलुकमा गम्भीर प्रकृतिका कोरोना सङ्क्रमितलाई सङ्क्रमण मुक्त भइसकेका व्यक्तिको प्जाज्मा दिएर उपचार गरिएको पाइन्छ।

# बन्दाबन्दीमा ११९ मानव अधिकार उल्लङ्घनका घटना

काठमाडौँ, ३१ असार (रासस)।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले बन्दाबन्दीका अवधिका तीन महिनामा एक हजार ११९ जना मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट पीडित भएको जनाएको छ। इन्सेकद्वारा बन्दाबन्दीको तीन महिनाको सोमबार सार्वजनिक गरेको आवधिक प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनमा २०७६ चैत ११ देखि २०७७ असार १० गतेसम्म रहेका पनि इन्सेकले जनाएको छ। यस अवधिमा राज्य पक्षबाट तीनजना महिलासहित ६४ र अन्य पक्षबाट ८४१ महिलासहित १५५ गरी एक हजार ११९ जना पीडित भएका घटना इन्सेकले जनाएको छ।

अभिलेखित घटनामध्ये महिलामाथि भएका ज्यादतीका घटनामा ४७६ र बालबालिकामाथि भएका ज्यादतीका घटनामा २८४ जना पीडित भएका छन्। त्यसैगरी, यो अवधिमा अमानवीय व्यवहार ११, धम्की पाँच, घाइते ११२, कुटपिट१२, अपहरण छ, गिरफ्तार ३१, हत्या ७२, प्रहरी हिरासतमा यातना दुई र जातीय विभेदका घटनामा १२ जना पीडित भएको इन्सेकले अभिलेखमा उल्लेख छ।

बन्दाबन्दीका तीन महिनामा २५ स्वास्थ्यकर्मीमाथि दुर्व्यवहार भएका घटना इन्सेकले अभिलेख गरेको छ। मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा राज्यको दायित्व हुने भएपनि यस अवधिमा

*बाँकी अन्तिम पृष्ठमा*

# पाकिस्तानद्वारा एम्बुलेन्स हस्तान्तरण

काठमाडौँ, ३१ असार (रासस)।

पाकिस्तान सरकारले महाराजगञ्जस्थित त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताललाई पूर्ण उपकरणयुक्त दुईवटा एम्बुलेन्स प्रदान गरेको छ।

अस्पतालको ३८औँ वार्षिकोत्सवका अवसरमा बुधबार अपराह्न अस्पताल परिसरमा आयोजित एक संक्षिप्त कार्यक्रममा नेपालका लीग पाकिस्तानका राजदूत मजहर जावेदले अस्पतालका कार्यकारी निर्देशक डा रोहितकुमार पोखरेललाई उपहारस्वरुप ती एम्बुलेन्स हस्तान्तरण गर्नुभयो।

त्यस अवसरमा राजदूत जावेदले पाकिस्तान र नेपालका चिकित्साशास्त्र प्रतिष्ठानबीच सहकार्य र साझेदारीका प्रशस्त अवसर रहेको बताउँदै नेपालको स्वास्थ्य क्षेत्रको पूर्वाधार विकासमा सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

कार्यकारी निर्देशक डा पोखरेलले पाकिस्तानी सहयोगको सराहना गर्दै चिकित्साशास्त्रको उच्च अध्ययनका निम्ति पाकिस्तान सरकारले नेपाली डाक्टरहरूलाई छात्रवृत्तिलगायत सहयोग गरेकामा कृतज्ञता व्यक्त गर्नुभयो।

## विश्व समाचार

# मोडर्नाको कोविड-१९ को खोप परीक्षण अन्तिम चरणमा

वासिङ्टन, ३१ असार (रासस/एएफपी)।

संयुक्तराज्य अमेरिकाको बायोटेक कम्पनी मोडर्नाले मानिसमा कोविड-१९ को खोप (भ्याक्सिन) परीक्षण यसै महिना अन्तिम चरणमा प्रवेश गर्ने जनाएको छ। आगामी जुलाई २७ मा खोप परीक्षण अन्तिम चरणमा प्रवेश गर्ने कम्पनीले बताएको छ। मोडर्नाले तयार पारेको खोपले यथार्थमा मानिसमा कति प्रभावकारी रुपमा काम गर्नेछ भन्ने परीक्षण हुँदैछ। यसअघि गरिएका परीक्षण निकै सुरक्षित रहेको दाबी गरिको र खोपले मानव शरीरमा एन्डीबडी उत्पादन गरेको थियो। आगामी तेस्रो चरणको खोप परीक्षणमा संयुक्तराज्य अमेरिकाकै ३० हजार मानिसलाई सहभागी गराउने लक्ष्य राखिएको छ। यी खोपमध्ये आधाजसो मानिसलाई १०० माइक्रोग्रामको डोज दिइनेछ भने आधालाई प्लासिबो दिइनेछ। अनुसन्धाताहरुले खोप लगाइएका व्यक्तिहरुमा खोपको प्रभावकारिता वा असरका बारेमा आगामी दुई वर्षसम्म निगरानी राख्ने कम्पनीले जनाएको छ। कोभिड-१९ बाट भ्याक्सिनले गम्भीर बिरामी हुनबाट मानिसलाई जोगायो भने भ्याक्सिन सफल हुने विश्वास गरिएको छ। कम्पनीको यो अध्ययन सन् २०२२ को अक्टोबर २७ सम्म जारी रहनेछ, तर प्रारम्भिक नतिजाहरु यसअघि नै सार्वजनिक गरिनेछ। मोडर्नाको भ्याक्सिन परीक्षणको पहिलो चरणबाट प्राप्त नतिजालाई न्यू इङल्यान्ड मेडिसिन जर्नलले प्रकाशन गरेलगत्तै परीक्षण तेस्रो चरणमा प्रवेश गरेको घोषणा गरिएको हो। पहिलो चरणमा सहभागी ४५ जना सहभागी सबैको शरीरमा भाइरस विरुद्धको एन्टीबडी तयार भएको देखिएको छ। वैज्ञानिकहरुले पहिलो भ्याक्सिन सर्वाधिक सुरक्षित वा प्रभावकारी मान्न अहिल्यै नसकिने बताएका छन्। मोडर्नाले पहिलो चरणको परीक्षणको अन्तरिम नतिजा यसअघि नै प्रकाशन गरिसकेको छ। पहिलो चरण भनिएको यस परीक्षणको नतिजा गत मे महिनामा सार्वजनिक गरिएको थियो। पहिलो चरणका नतिजाहरु निकै उत्साहजनक रहेको अमेरिकी संक्रामक रोग रोकथाम इन्स्टिच्यूटका निर्देशक एवं अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका कोभिड-१९ सल्लाहकार एन्थोनी फाउचीले बताउनु भएको छ। कतिपय वैज्ञानिकहरुले मोडर्नाका तथ्याँकहरुको गहन विश्लेषणपछि मात्र ठोस निष्कर्षमा पुग्न सकिने बताउँदै आएका छन्। मोडर्नाले गरेको परीक्षणमा सहभागीहरुलाई २५, १०० र २५० माइक्रोग्रामका भ्याक्सिनका तीन समूहमा बाँडिएको थियो। २८ दिनपछि यही परिमाणमा दोस्रो खोप दिइएको थियो। पहिलो चराण्मा बढी मात्राको डोज दिइएका व्यक्तिमा बढी एन्टीबडी भेटिएको थियो। दोस्रो चरणमा सहभागीहरुमा कोभिड-१९ भएका अधिकांश बिरामीभन्दा बढी एन्टीबडी देखिएको थियो। यी बिरामीको शरीरमा आफैं पनि एन्टीबडी तयार भएको थियो। आधाभन्दा बढी सहभागीहरुका शरीरमा सामान्य किसिमको नकारात्मक असर (साइड इफेक्ट) देखिएको थियो। जोन्स हप्किन्स विश्वविद्यालयका संक्रामक रोग विशेषज्ञ अमिश अडाल्जाले परीक्षणमा सहभागीमा निकै राम्रो एन्टीबडी तयार हुनु उत्साहजनक कुरा रहेको बताउनुभयो। मोडर्नाले तयार पारेको भ्याक्सिनमा जेनेटिक सामग्रीको प्रयोग गरिएको छ।

# भारतमा एकै दिन २९ हजार बढी संक्रमित

नयाँदिल्ली, ३१ असार (रासस/एएनआई)।

भारतमा एकैदिन कोरोनाभाइरसबाट सङ्क्रमित भएकाको संख्या साढे २९ हजारसम्म पुगेको छ। यो संख्या अहिलेसम्मकै सबैभन्दा धेरै भएको अधिकारीले बुधबार जानकारी दिएका छन्। केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले भारतमा पछिल्लो २४ घण्टामा २९ हजार ४२९ सङ्क्रमित भएको जनाएको छ। मन्त्रालयका अनुसार योसँगै भारतमा कुल सङ्क्रमितको संख्या नौ लाख ३६ हजार १८१ पुगेको छ। त्यसैगरी भारतमा कोरोनाका कारण मृत्यु भएकाहरुको संख्या २४ हजार ३०९ पुगेको छ। ती मध्ये ५८२ जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ। भारतमा अहिले पनि सङ्क्रमित अवस्थामै रहेकाहरुको संख्या तीन लाख १९ हजार ८४० रहेको छ भने पाँच लाख ९२ हजार ३२ जना सङ्क्रमणमुक्त भइसकेका छन्। प्रदेश अनुसार हेर्दा सबैभन्दा धेरै सङ्क्रमित रहेको महाराष्ट्र राज्यमा सङ्क्रमितहरुको संख्या दुई लाख ६७ हजार ६६५ पुगेको छ। तीमध्ये दश हजार ६९५ जनाको मृत्यु भइसकेको छ। त्यसैगरी कोरोनाबाट दोस्रो धेरै प्रभावित भएको तमिलनाडु प्रदेशमा कुल एक लाख ४७ हजार ३२४ सङ्क्रमित हुँदा दुई हजार ९९ जनाको मृत्यु भएको छ। केन्द्रीय राजधानी रहेको दिल्लीमा पनि एक लाख १५ हजार ३४६ जना सङ्क्रमित भएका छन् भने तीन हजार ४४६ जनाको कोरोनाका कारण मृत्यु भएको छ।

# कोरोनाभाइरसका कारण विश्वभरी पाँच लाख ८१ हजारको मृत्यु

पेरिस, ३१ असार (रासस/एपी/एएफपी)।

विश्वभरी महामारीका रुपमा फैलिएको कोरोनाभाइरसका कारण बुधबारसम्ममा मृत्यु भएकाहरुको संख्या पाँच लाख ८१ हजारभन्दा बढी पुगेको छ। त्यसैगरी कुल सङ्क्रमितको संख्या पनि दिनप्रतिदिन बढेर एक करोड ३४ लाख ७१ हजार ८६२ पुगेको छ। विश्व स्वास्थ्य संगठनका अनुसार कुल सङ्क्रमितमध्ये ७८ लाख ६६ हजार २६५ जना भने सङ्क्रमणमुक्त भइसकेका छन्। विश्वभरी सङ्क्रमित भएकामध्ये सबैभन्दा धेरै अमेरिकामा रहेका छन्। कोरोनाका कारण मानवीय क्षति र सङ्क्रमितको संख्याका आधारमा अमेरिका सबैभन्दा अगाडि रहेको छ। अमेरिकामा बुधबारसम्ममा ३५ लाख ४५ हजारभन्दा बढी सङ्क्रमित भएका छन् भने मृत्यु भएकाहरुको संख्या एक लाख ३९ हजार १४५ रहेको छ। त्यसैगरी कोरोनाबाट दोस्रो धेरै प्रभावित भएको मुलुक ब्राजिलमा १९ लाख ३१ हजार सङ्क्रमित हुँदा ७४ हजार २६२ जनाको मृत्यु भएको छ। भारत तेस्रो धेरै सङ्क्रमितको सूचीमा पर्दछ भने चौथो धेरै सङ्क्रमित हुनेमा रुस रहेको छ। रुसमा बुधबारसम्ममा सात लाख ४६ हजारभन्दा बढी सङ्क्रमित भएका छन्। रुसी अधिकारीहरुले कोरोनाका कारण देशभित्र मृत्यु भएकाहरुको संख्या ११ हजार ७७० पुगेको जानकारी दिएका छन्। त्यसैगरी पाँचौमा पेरु, छैठौँमा चिली, सातौंमा मेक्सिको, आठौँमा स्पेन, नवौंमा दक्षिण अफ्रिका र दशौँमा बेलायतमा धेरै सङ्क्रमित रहेका छन्। कतिपय देशहरुमा सङ्क्रमित हुनेहरुको संख्यामा कमी देखिए पनि विश्वभरीको अवस्थामा सन्तोषजनक सुधार आउन नसकेको भन्दै विश्व स्वास्थ्य सङ्गठनले चिन्ता व्यक्त गरेको छ।

# हरवा चरवा परिवारलाई दोश्रो चरणको राहत बितरण



**दैनिक समाचारदाता**
**राजविराज, ३१ असार ।**

तपेश्वरी समाज कल्याण संघ राजविराजले लकडाउनका क्रममा अफ्ठ्यारोमा परेका १ सय ५३ जना हरवा चरवा परिवारलाई दोश्रो चरणको राहत बितरण गरेको छ ।

फ्रिडम फण्डको सहयोग तथा संस्थाको समन्वयमा जिल्लाको कंचनरुप नगरपालिका वडा नं. ३ र ११ ठेलिया तथा वडा नं. १२ धरमपुरका हरवा चरवा परिवारलाई बुधबार सो राहत बितरण गरिएको हो ।

प्रत्येक परिवारलाई चामल २५ किलो, दाल २ किलो, खाने तेल १ लिटर, नुन १ किलो, आलु ५ किलो, सोयाबिन आधा किलो, साबुन ४ थान र सेनिटाइजर एक बोतल बितरण गरिएको संस्थाले जनाएको छ ।

कार्यक्रममा कंचनरुप नगरपालिकाका प्रमुख बसन्त मिश्र, वडा नं. १२ का अध्यक्ष देवी बहादुर खत्री, संस्थाका पदाधिकारी तथा कर्मचारीहरुले राहत बितरण गरेका थिए ।

### मेयरका छोरा ...

लिँदै गर्दा अख्तियारको टोलीले लहानबाट पक्राउ गरेको हो ।

मेयर मण्डलले डीपीआरको काम दिए वापतको कमिसन लिन आफ्ना छोरा सन्तलाई बुधबार लहान पठाएको बेला वडा नं २२ बाट रकम लिँदै गर्दा उनीसहित स्थानीय जितेन्द्र महतोलाईसमेत पक्राउ गरिएको अख्तियारको बर्दिवास कार्यालयले जनाएको छ ।

### बन्दाबन्दीमा ११९ ...

राज्यको संयन्त्रको व्यवहार सन्तोषजनक हुन नसकेको भन्दै इन्सेकले स्वास्थ्यकर्मी र पत्रकारमाथि आक्रमण तथा दुर्व्यवहारका घटनामा संलग्नलाई कारवाहीको दायरामा ल्याउन माग गरेको छ ।

**पत्रिका मागेर होइन् किनेर पढ्ने बानी बसालौं ।**

# मन्त्रिस्तरीय विपद् अनुगमन व्यवस्थापन समिति गठन

जनकपुरधाम, ३१ असार (रासस) ।

प्रदेश नं २ को सरकारले मंगलबार मन्त्रिस्तरीय विपद् अनुगमन व्यवस्थापन समिति गठन गरेको छ । यस प्रदेशमा वर्षा, बाढी र पहिराबाट भएका क्षतिको अनुगमन गरी पीडित पक्षलाई राहतका साथै व्यवस्थापनलगायत कार्यका लागि मन्त्रिपरिषद्को मंगलबारको बैठकले सो समिति गठन गरेको हो ।

बैठकले भौतिक पूर्वाधार विकासमन्त्री जितेन्द्र सोनलको संयोजकत्वमा आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्र यादव र उद्योग, वन पर्यटन तथा संस्कृतिमन्त्री रामनरेश राय सदस्य रहने गरी तीन सदस्यीय समिति गठन गरेको छ । समितिलाई हालै प्रदेशको आठवटै जिल्लामा बाढीबाट भएको क्षतिको स्थलगत निरीक्षण तथा अनुगमन गरी पीडितलाई उपलब्ध गराउनुपर्ने राहत तथा अन्य मर्मतसम्भारजस्ता कार्यहरूको सिफारिस प्रदेश सरकारलाई गर्ने जिम्मेवारी दिइएको मुख्यमन्त्रीका प्रेस संयोजक आतिश मिश्रले जानकारी गराउनुभएको छ । समितिले गरेको सिफारिसका आधारमा प्रदेश सरकारले पीडित परिवारहरूलाई राहत उपलब्ध गराउनेछन् ।

# मापदण्ड विपरीत गिट्टी लोड गर्ने टिप्पर प्रहरी नियन्त्रणमा

**दैनिक समाचारदाता**
**सिरहा, ३१ असार ।**

सिरहाको कल्याणपुर नगरपालिका-११ बाट चारवटा टिप्पर प्रहरीले नियन्त्रणमा लिएको छ ।

प्रहरीले जाँच गर्ने क्रममा मापदण्ड विपरीत कम भ्याट बिल काटेर गिट्टी लोड गरी लैजाँदै गरेका ना ७ ख ६३८६, ना ७ ख ४०३२, ना ६ ख ५६६३ र को १ ख ६८२४ नंको टिप्पर नियन्त्रणमा लिएको हो ।

नियन्त्रणमा लिइएका टिप्पर आवश्यक कार्वाहीका लागि आन्तरिक राजस्व कार्यालय लहान सिरहा कार्यालयमा बुझाइने जिल्ला प्रहरी कार्यालय सिरहाले जानकारी दिएको छ ।

### प्राध्यापक ...

हस्ताक्षरित विज्ञप्तिमा गत १६औं महाधिवेशनबाट पारित प्रस्तावहरूको स्मरण गराउँदै विश्वविद्यालयहरूको अनियमितता रोकिनुपर्ने माग पनि गरिएको छ । सङ्घले यसअघि शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेललाई पनि सोही प्रकारको ज्ञापनपत्र दिएको थियो ।

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np